# “कौशी खेती मार्फत शहरी कृषि प्रबर्द्धन परियोजना”




युएन ह्याबिट्याट नेपाल

सहकार्यः महिला विकास शाखा/महिला उद्यमशीलता सहजीकरण केन्द्र, ललितपुर महानगरपालिका

प्राविधिक सहकार्यः हसेरा कृषि अनुसन्धान तथा तालिम केन्द्र

डिजिटल क्रियशनः स्टोरी साइकल

# पृष्ठभूमि

संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (युएन ह्याबिट्याट) विगत लामो समयदेखि शहर तथा मानव बस्तीहरूको आर्थिक-सामाजिक समुन्नतीका लागि विश्वब्यापी रूपमा निरन्तर क्रियाशील छ । दिगो विकास लक्ष्य - ११ ले शहर तथा मानवबस्तीको समावेशी, सुरक्षित, उत्थानशील र दिगो विकासमा जोड दिएको छ । युएन ह्याबिट्याट यो लक्ष्य हासिलका लागि पक्ष राष्ट्रहरूसंग सहकार्य गरिरहेको छ ।



सन् २०१२ साल यतादेखि युएन ह्याबिट्याट नेपालले जापान सरकारको फुकुओका शहरसंगसंगको सहकार्यमा जीवनका लागि पानी अभियान (Water for Life Initiative) अन्तरगत हरित र स्वच्छ शहरसंग सम्बन्धित परियोजना सञ्चालन गर्दै आईरहेको छ । सामुदायिक पोखरीहरूको पुनर्भरण, आकाशे पानी संकलन, जमिन पुनर्भरण, फोहोर पानी शुद्धिकरण र ब्यवस्थापन जस्ता कार्यहरू उक्त परियोजनामार्फत सञ्चालनमा आएका थिए ।







पछिल्लो समय कोभिड कहरका कारण उत्पन्न खाद्य संकट, कृषि कर्मको दिगोपना तथा शहरी जीविकोपार्जनमा आईपरेको समस्यालाई कम गर्नका लागि यो परियोजनाले शहरी कृषिको अवधारणमा काम गर्दै आईरहेको छ । यसै परियोजना अन्तरगत युएन ह्याबिट्याटले सन् २०२१ - २०२२ मा मध्यपुर ठिमी नगरपालिकासंगको सहकार्यमा कौशी खेती परियोजना सञ्चालनमा ल्याएको थियो भने कौशी खेती निर्देशिकापनि तयार पारेको थियो । कौशी खेती सञ्चालन सम्बन्धी प्राविधिक परामर्श, तालीम, फोहोर ब्यवस्थापन, जनचेतनामूलक अभियान र उत्पादित बस्तुको बजारीकरणका लागि परियोजनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

सन् २०२३ मा परियोजनाले ललितपुर महानगरपालिकासंगको सहकार्यमा पुनः कौशी खेती सञ्चालन, प्रशिक्षक प्रशिक्षण तथा समुदाय स्तरमा प्राविधिक तालीम, उत्पादित बस्तुको बजारीकरण, घरधनीहरू आफैंले सरल तरिकाले प्राविधिक ज्ञान लिन सक्ने गरि मोवाइल एप्सको निर्माण गरि हरित शहरी विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने लक्ष्य लिएको छ ।

# उद्देश्य

- कोभिड कहरका कारण संकटासन्न शहरी नागरिकको जीविकोपार्जनमा आइपरेको समस्यालाई कम गर्ने तथा खाद्य सुरक्षा अभिबृद्धि गर्ने ।
- शहरी कृषि र दिगो फोहोरमैला ब्यवस्थापनका लागि घरधुरी स्तरमा क्षमता अभिवृद्धिमा जोड दिने ।
- समुदाय स्तरमा आकाशे पानी संकलन, घरभित्रको फोहोर ब्यवस्थापन जस्ता कार्यहरू मार्फत जनचेतना जगाउने ।



# लक्षित गतिविधिहरू

परियोजनाका लक्षित गतिविधिहरू निम्नानुसार छन् ।

- **शहरी कृषि सम्बन्धी प्रशिक्षक प्रशिक्षण:** कौशी खेतीसंग सम्बन्धित उत्पादन, बजारीकरण, प्राविधिक तालीम लगायतका विविध गरिरहेका अगुवा शहरी कृषक, नगर र वडा स्तरका कृषि प्राविधिक, हरित कृषि प्रवद्धनमा जागरूप स्थानीय युवा, महिला, अपाङ्गता भएका ब्यक्ति लगायतको क्षमता अभिवृद्धिक लागि नगर स्तरमा प्रशिक्षक प्रशिक्षण (Training for Trainers) तालिम सञ्चालन गर्ने ।

- **समुदाय स्तरमा तालिम र प्राविधिक सहायता:** ललितपुर महानगरपालिका, महिला उद्यमशीलता समन्वय केन्द्र र वडा नं १५ कार्यालयसंगको समन्वयमा कौशी खेती प्रबद्धन सम्बन्धी तालिम सञ्चालन गर्ने । तालिमपश्चात समुदायसंगको सहकार्यमा कौशी खेती सञ्चालन गर्न आवश्यक प्राविधिक सहायता प्रदान गर्ने ।

- **मोवाइल एप्समार्फत कौशी खेती प्रबद्धन र बजारीकरण:** कौशी खेती गर्ने सरल उपाय समेटिएको मोवाइल एप्स(अर्वान करेसा) निर्माण गरि प्रविधिमैत्री समाज निर्माणमा योगदान पुऱ्याउने ।

- **कौशी खेती सम्बन्धी प्रविधि प्रदर्शनी केन्द्र निर्माण:** ललितपुर महानगरपालिका, वडा नं १५ मा रहेको नमुना मछिन्द्र आवासीय विद्यालय परिसरभित्र आकाशे पानी संकलन सहितको कौशी खेती सम्बन्धी प्रविधि प्रर्दशनी केन्द्र निर्माण गरि जनचेतना जगाउने ।





# अपेक्षित उपलब्धीहरू

- शहरी कृषि सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम मार्फत शहरी कृषि कार्य अभिबृद्धिमा देखिएको दक्ष जनशक्तिको अभावलाई परिपूर्ति गर्न महत्वपूर्ण योगदान पुग्नेछ । साथै हरित शहरी विकास र शहरी क्षेत्रको खाद्य सुरक्षामा पनि परियोजनाले महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

- संकटनासन्न परिवारका महिला, युवा, अपाङ्गता भएका ब्यक्ति लगायतलाई स्वरोजगारको अवसर मिल्नेछ ।

- मोवाइल एप्स मार्फत उत्पादित बस्तुको बजारीकरण र कौशी खेती गर्न चाहनेलाई प्राविधिक परामर्श उपलब्ध हुनेछ । उत्पादित बस्तुको बजारीकरणमा प्रविधिको अधिकतम प्रयोग भई उपभोक्ता र उत्पादक दुबैलाई जोड्न यसले महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

- आकाशे पानी संकलन, घरभित्रको फोहोरको ब्यवस्थापन जस्ता हरित शहरी विकासका आयामहरूमा महत्वपूर्ण योगदान पुग्नेछ । यसले दिगो विकास लक्ष्य हासिल गरि स्वच्छ, सफा र हरित नगर निर्माणमा टेवा पुग्नेछ ।






# सम्पर्क

**ललितपुर महानगरपालिका**
**महिला विकास महाशाखा/महिला उद्यमशीलता सहजीकरण केन्द्र**
पुल्चोक, ललितपुर
टेलिफोन नम्बरः ०१५४२२५६३
इमेलः wefc@lmc.gov.np
वेबसाइटः www.lalitpurmun.gov.np

**संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (युएन ह्याबिट्याट)**
सानेपा हाइट, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१५५५१०९१, ०१५५३८४७७
इमेलः unhabitat.nepal@unhabitat.org.np
वेबसाइटः www.unhabitat.org.np

**हसेरा कृषि अनुसन्धान तथा तालिम केन्द्र**
धुलिखेल, काभ्रे
फोन नम्बरः ९८४१३३२४४३
इमेलः organichasera@gmail.com
वेबसाइटः www.organichasera.org

**स्टोरी साइकल**
गैरीगाँउ, काठमाडौँ
फोन नम्बरः ०१४११२१२८
इमेलः storycycle@gmail.com
वेबसाइटः www.storycycle.org



थप जानकारीको लागि